## सम्पादक मण्डल

| | | |
|---|---|---|
| सचिव, श्री शंकरप्रसाद कोइराला | — | सल्लाहकार |
| सह सचिव, श्री भूपाल बराल | — | संयोजक |
| उपसचिव, श्री जीवनराज सेढांई | — | सदस्य |
| शाखा अधिकृत, श्री रामबन्धु शर्मा | — | सदस्य |
| शाखा अधिकृत, श्री इन्दिरा थापा | — | सदस्य सचिव |
| शाखा अधिकृत, श्री रुपेशराज खनाल | — | आमन्त्रित सदस्य |

**नेपाल सरकार**

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**सिंहदरवार, काठमाडौं**

फोन नम्बर ०१-४२००२८१, ४२००२९२, ४२००५०८

www.mofaga.gov.np

## अनुरोध

यस शासकीय खबरपत्रको आगामी अंकको लागि
नेपाल सरकारका बिभिन्न निकायहरूबाट संचालन हुने
शासकीय सुधार सम्बन्धी महत्वपूर्ण गतिविधिहरू
यस मन्त्रालयलाई समयमै उपलब्ध गराई सहयोग
गरिदिनुहुन अनुरोध गरिन्छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा
सिंहदरबार, काठमाडौं
फोन : ४२००४९२, ४२००३०८
इमेलः info@moga.gov.np

# सम्पादकीय

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका अन्य मन्त्रालय एवं निकायहरुबाट शासकीय सुधारका लागि संचालन गरिएका विभिन्न प्रयास तथा सम्पन्न भएका कार्यहरुलाई सर्वसाधारण एवं सरोकारवालाहरु समक्ष सार्वजनिक गर्ने र शासकीय सुधारका लागि रचनात्मक पृष्ठपोषण लिने उद्देश्यले शासकीय खबरपत्रको प्रकाशनलाई निरन्तरता दिइंदै आइएको हो । यसै क्रममा खबरपत्रको यो ३१ औं अंक प्रकाशन गरिएको छ ।

नेपालको संविधान २०७२ जारी भएसँगै जननिर्वाचित प्रतिनिधिले संघ, प्रदेश र स्थानीय तहको नेतृत्व लिइसकेको अवस्था छ । मुलुक संघीयतामा गएसँगै यसको कार्यान्वयन गर्न यस मन्त्रालयको भूमिका समेत बढेको छ । सो सन्दर्भमा समग्र सरकारी सेवा संचालनको लागि आवश्यक ऐन, कानून, कार्यविधि निर्माण र संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न विद्यमान कर्मचारीहरुलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गर्नुपर्ने मुख्य जिम्मेवारी रहेको छ ।यसका साथै नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयलाई तोकिएका जिम्मेवारी अनुरुप भए गरेका कार्यहरुलाई यस बुलेटिनमा संक्षेपमा समेट्ने जमर्को गरिएको छ ।

शासकीय खबरपत्रको आगामी अंकको लागि नेपाल सरकारका विभिन्न निकायहरुबाट संचालन हुने शासकीय सुधार सेवा प्रवाहमा सुधार, कार्यविधि र कार्यप्रक्रिया लगायतका अन्य महत्त्वपूर्ण गतिविधिहरुका बारेमा यस मन्त्रालयलाई समयमै जानकारी गराई आवश्यक सहयोग गरिदिनहुन अनुरोध गर्दछौं । यो अंकलाई अन्तिम रुप दिन सहयोग पुर्‍याउनु हुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सबै महाशाखा, शाखा र अन्य सम्वद्ध निकाय एवं पदाधिकारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

आषाढ २०७५

# विषय सूची


| | | |
|---|---|---|
| माननीय मन्त्रीज्यूको अतिरिक्त कार्यक्रम | | १ |
| १ | प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा | १ |
| | १.१ व्यवस्थापन परीक्षण | १ |
| | १.२ प्रशासन सुधार | २ |
| २. | योजना तथा अनुगमन शाखा | ६ |
| ३. | संगठन विकास शाखा | ७ |
| | ३.१. नीतिगततर्फ | ७ |
| | ३.२. संगठन तथा व्यवस्थापन सर्भेक्षणतर्फ | ८ |
| ४. | श्रोत परिचालन समन्वय शाखा | ९ |
| ५ | सामाजिक समावेशीकरण शाखा | १० |
| ६. | सङ्घीय मामिला शाखा | १० |
| | ६.१. सङ्घीय कानून तर्जुमा | १० |
| | ६.२. स्थानीय नमूना कानून तर्जुमा | ११ |
| | ६.३. प्रकाशनहरू | १३ |
| ७. | सूचना प्रविधि शाखा | १३ |
| | ७.१ सूचना तर्फ | १३ |
| | ७.२ सुशासन तर्फ | १४ |
| ८. | वातारण तथा विपद शाखा | १४ |
| ९. | कर्मचारी कल्याण शाखा | १५ |
| १०. | स्थानीय तह क्षमता विकास शाखा | १५ |
| ११. | स्थानीय तह समन्वय शाखा | १७ |
| १२ | संगठन संरचना | २१ |
| १३. | विविध कार्यक्रमका केही झलकहरु | २२ |

## माननीय मन्त्रीज्यूको अतिरिक्त कार्यक्रम

संघीयताको कार्यान्वयन सँगै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भुमिका बढेको छ । मुख्तया संघ प्रदेश र स्थानीय तहमा कर्मचारीको व्यवस्थापन, विकास, निर्माण, सुशासन, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने जस्ता विषयमा यस मन्त्रालयको भूमिका केन्द्रीत रहेको देखिन्छ । माननीय मन्त्रीज्यूको पदवहाली पछि यस मन्त्रालयबाट थुप्रै उल्लेखनीय कार्यहरु भएका छन् । जसलाई यस खबरपत्रमा समावेश गर्ने जमर्को गरिएको छ । माननीय मन्त्रीज्यूले मोरङ्, सर्लाही, सुनसरी, नुवाकोट, रुपन्देही र कास्की लगायतका विभिन्न जिल्लाको अवलोकन भ्रमण गरी विकास निर्माण, कर्मचारी व्यवस्थापन, सुशासन, सार्वजनिक सेवा प्रवाह सम्बन्धी विषयमा जानकारी लिनका साथै कार्यालय प्रमुखहरुलाई आवश्यक निर्देशन समेत गर्नुभएको छ । झापाको चारपाने सडक शिलान्यास, साँघुटारको सडक उदघाटन, पाँडाजुङ्गे झर्ना सडक शिलान्यास, अमलडाँगी सोलमारी सडक शिलान्यास लोकसेवा आयोग तयारी कक्षा उदघाटन, कास्की, स्याङ्गजा र कपिलवस्तुमा जामिया रिज्विया गर्ल्स कलेज उदघटन गर्नुभएको छ । यसका अतिरक्त विदुर नगरपालिकालाई खुला दिसामुक्त घोषणा गर्नुका साथै नेपाल मानव धर्म सेवा समितिको राष्ट्रिय युवा सम्मेलन कार्यक्रममा सहभागिता समेत जनाउनु भएको थियो ।

## १ प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

### १.१ व्यवस्थापन परीक्षण:

व्यवस्थापकीय नियन्त्रण प्रणालीको महत्वपूर्ण औजारका रुपमा व्यवस्थापन परीक्षणले मूलत: व्यवस्थापनबाट सम्पादन गरिएका समग्र कृयाकलापहरुको सान्दर्भिकता, जवाफदेहिता र प्रभावकारिता परीक्षण गर्दछ । नेपालमा २०५५ सालदेखि व्यवस्थापन परीक्षणको शुरुवात गरिएको र यसले हालसम्म निरन्तरता पाउँदै आएको छ । उपलब्ध साधनस्रोत बमोजिम सबै सरकारी निकायहरुको एकैसाथ व्यवस्थापन परीक्षण गर्न व्यवहारिक र संभव नभएकाले वार्षिक रुपमा केही निकायहरुको छनोट गरी व्यवस्थापन परीक्षण गर्ने गरिएको छ । यसरी निकायहरु छनोट गर्दा केन्द्रीयस्तर, विभागस्तर, जिल्लास्तरका सेवाप्रवाह, विकास निर्माण तथा आम जनसरोकारलाई आधार लिइने गरिएको छ ।

हरेक आर्थिक वर्षमा यस शाखाले छनौट गरिएका सरकारी निकायहरुको व्यवस्थपान परीक्षण सम्पन्न गरी त्यसको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्दै आएको छ । यसै क्रममा आ.व. २०७३।७४ मा व्यवस्थापन परीक्षण सम्पन्न गरिएका निकायहरुको वार्षिक प्रतिवेदन नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष पेश भई कार्यान्वयनका लागि निर्देशन भए बमोजिम सम्बन्धित निकायहरुलाई पत्राचार गरिसकिएको छ । यस आ.व. २०७३।७४ मा मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम यस शाखाबाट परराष्ट्र मन्त्रालय र सूचना तथा संचार मन्त्रालय, हुलाक सेवा विभाग र सोलुखुम्बू जिल्लास्थित विभिन्न कार्यालयहरुको व्यवस्थापन परीक्षण सम्पन्न भएको छ । यसका अतिरिक्त मन्त्रालय र विभाग स्तरका विविध एघार निकायहरुको आकस्मिक व्यवस्थापन परीक्षण सम्पन्न गरिएको छ ।

अर्कोतर्फ, सरकारी निकायहरुको सेवा प्रवाहको सम्बन्धमा आम नागरिकहरुको सन्तुष्टीको स्तरलाई मापन गर्ने एक महत्त्वपूर्ण विधि सेवाग्राही सन्तुष्टी सर्भेक्षण हो । यस आर्थिक वर्षमा नुवाकोट, गोर्खा र सप्तरी गरी तीन जिल्लाहरुका विभिन्न कार्यालयहरुको सेवाग्राही सन्तुष्टी सर्भेक्षण गरिएको छ ।

यसै आर्थिक वर्षदेखि विगतमा व्यवस्थापन परीक्षण गरिएका निकायहरुको Follow-up कार्यक्रम तथा अनुगमन गर्ने कार्य शुरु भएसँगै रसुवा र इलाम जिल्लास्थित विभिन्न निकायहरुको Follow-up कार्य सम्पन्न गरिएको छ ।

## १.२ प्रशासन सुधारतर्फ

यस शाखाको आ.व. २०७३।०७४ को स्वीकृत कार्यक्रम अन्तर्गत प्रशासन पत्रिकाको १२९ औं अङ्क प्रकाशन भैसकेको छ । १३० औं अङ्क प्रकाशनको अन्तिम चरणमा रहेको छ । शासकीय खबर पत्रिकाको ३० औं अङ्क र ३१ औं अङ्क प्रकाशन गरिएको छ । आ. व. ०७४।७५ मा पूर्व विशिष्ट श्रेणीका कर्मचारीहरुको कार्यकारी परिषद्को सचिवालयबाट एक जर्नल प्रकाशन भएको छ। सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनलाई रु १ करोड अनुदान उपलब्ध गराइएको छ । साथै आधिकारिक ट्रेड युनियनसँग निरन्तर छलफल र सम्वादलाई जिवन्तता दिने सन्दर्भमा मा. मन्त्रीज्यूको अध्यक्षतामा गठित कर्मचारी सम्बन्ध समितिको वैठक

समेत सम्पन्न भएको छ । सोही वैठकबाटै ट्रेड युनियनसँगको संवादलाई बढी प्रभावकारी बनाउने हेतुले कार्यदल समेत गठन भएको छ । उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितितर्फ रुपन्देही जिल्लाको बुटवलमा प्रदेशस्तरीय र बाँके जिल्लाको नेपालगञ्जमा जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । संघीयता कार्यान्वयनका सन्दर्भमा कर्मचारी समायोजन ऐन, २०७४ तथा कर्मचारी समायोजन नियमावली, २०७४ जारी भई लागू गरिएको अवस्था छ। मुलुकका ७ प्रदेशका विभिन्न १४ जिल्लाहरुमा एकीकृत घुम्ती सेवा सञ्चालनको लागि गृह मन्त्रालयबाट सहजीकरण र समन्वय गर्ने गरी रु २१ लाख रकम निकासा गरिएको छ । विभिन्न सामाजिक संघसंस्थालाई अनुदान प्रदान गर्ने स्वीकृत कार्यक्रम अन्तर्गत पूर्व कर्मचारी सेवा परिषद् निजामती कर्मचारी श्रीमती संघ र सेवा निवृत्त राष्ट्रसेवक संघ र ट्रेड युनियन International Public Service & Allied Asia Pacific क्षेत्रीय कार्यालय, काठमाडौंलाई गरी जम्मा रु. २४ लाख अनुदान उपलब्ध गराइएको छ। यसका अतिरिक्त नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०२।१७ को निर्णय अनुसार नेपाल व्यवस्थापन संघ (MAN) लाई रु. २५ लाख अनुदान उपलब्ध गराइएको छ ।

## "प्रशासनिक पुनर्संरचनाको सन्दर्भमा सेवाप्रवाहको स्थिति र तहगत अन्तरसम्बन्ध" विषयक प्रदेश नं ५ स्तरीय अन्तरक्रिया कार्यक्रम

मिति २०७५/०२/१७ को सचिवस्तरीय निर्णय बमोजिम माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा "प्रशासनिक पुनर्संरचनाको सन्दर्भमा सेवाप्रवाहको स्थिति र तहगत अन्तरसम्बन्ध" विषयक प्रदेश नं. ५ स्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०७५।२।२६ मा बुटवलमा सम्पन्न भयो । प्रदेश नं. ५ का माननीय प्रदेशमन्त्रिज्षयूहरु, प्रदेश सचिव, चार जिल्लाहरु रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा र कपिलवस्तुका जिल्ला प्रशासन अधिकारीहरु, उपमहानगरपालिका, नगरपालिकाका प्रमुख/ उपप्रमुखहरु, जिल्ला समन्वय समितिका सभापति साथै उल्लेखित चार जिल्लाहरु रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा र कपिलवस्तु स्थित सेवाप्रवाहसँग सम्बन्धित सरकारी कार्यालयहरुको उल्लेख्य उपस्थिति रहेको उक्त कार्यक्रम माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितज्यूबाट गमलामा राखिएको पारिजातको बिरुवामा पानी हाली कार्यक्रमको प्रारम्भ भएको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा कूल २६७ जना महानुभावहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको शुरुमा आमन्त्रित अतिथिहहरुको आसन ग्रहण र परिचयात्मक कार्यक्रम भएको थियो । स्वागत मन्तव्य पश्चात् उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिका अध्यक्ष तथा प्रशासकीय अदालतका अध्यक्ष

माननीय श्रीमान् काशिराज दाहालज्यूबाट कार्यपत्रको प्रस्तुतीकरण भएको थियो ।

कार्यक्रमको मूल भागमा कार्यपत्रमाथि विस्तृतरुपमा छलफल गरिएको थियो । छलफलमा माननीय प्रदेशमन्त्रीज्यूहरु, जिल्ला प्रशासन अधिकारीहरु, उपमहानगरपालिका, नगरपालिकाका प्रमुख/उपप्रमुखहरु, जिल्ला समन्वय समितिका सभापति लगायतबाट कार्यपत्रको विषयमा आफ्नो टिप्पणी र धारणाहरु प्रस्तुत भयो । यस लगत्तै सहभागीहरुबाट गुनासो र प्रतिक्रयाको प्रस्तुतिको लागि समय दिइएको थियो ।

यसैबीचमा, चार जिल्लाहरु रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा र कपिलवस्तुका जिल्ला प्रशासन कार्यालयका तर्फबाट प्रमुख जिल्ला अधिकारी र सहायक प्रमुख जिल्ला अधिकारीहरुले सेवाप्रवाहका सन्दर्भमा आफ्नो जिल्लामा भोग्नु परेका समस्याहरुलाई अन्तर्क्रिया कार्यक्रममा पेश गर्नु भएको थियो ।

उल्लेख्य मात्रामा सहभागीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा सहभागीहरुका तर्फबाट प्रस्तुत भएका गुनासाहरु सम्बन्धमा माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूबाट सम्बोधन गरिएको थियो । वर्तमान परिस्थितिमा प्रशासन र राजनीतिले के कस्तो भूमिका र जिम्मेवारी बहन गर्नुपर्दछ भन्ने बारेमा माननीय मन्त्रीज्यूले प्रकाश पार्नुभएको थियो । प्रशासन र राजनीति दुवै क्षेत्रले तोकिएको कर्तव्य, जिम्मेवारी र दायित्वलाई अक्षरश: पालन गर्नुपर्नेमा माननीय मन्त्रीज्यूले विशेष जोड दिनुभएको थियो ।

त्यस्तैगरी, आफ्नो व्यस्त समयतालिका र गर्मी मौसमका बाबजुत पनि अन्तरक्रिया कार्यक्रममा उपस्थित सबैमा हार्दिक धन्यवाद ज्ञापन गरिए लगत्तै उक्त अन्तरक्रिया कार्यक्रमको छलफलमा उठेका विषय तथा सवालहरुलाई समेटेर निष्कर्षको प्रस्तुति बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट भएको थियो ।

अन्त्यमा, कार्यक्रमका अध्यक्ष माननीय श्रीमान् काशिराज दाहालज्यूबाट अन्तरक्रियाको मूल ध्येय र विषयवस्तुमाथि संक्षिप्त टिप्पणी गर्दै अन्तरक्रिया कार्यक्रमको समापन भएको घोषणा गरी कार्यक्रम सम्पन्न भएको थियो ।

समग्रमा, उक्त अन्तरक्रिया कार्यक्रमले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत प्रशासक र राजनीतिक नेतृत्वलाई एकै स्थानमा भेला गराई विद्यमान सेवाप्रवाहको स्थितिलाई समयानुकूल कसरी सुधार गर्दै लान सकिन्छ भन्ने बारेमा विचार मन्थन गर्ने महत्त्वपूर्ण स्थान प्रदान गरेको थियो । संघीयतामा मुलुक प्रवेश गरेसँगै यससँग जोडिएर आउने तीन तहका सरकारहरुबीचको अन्तरसम्बन्धको बारेमा पनि उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिका अध्यक्ष तथा प्रशासकीय अदालतका अध्यक्ष माननीय श्रीमान् काशिराज दाहालले चर्चा गर्नु भएको थियो । यसका साथै, प्रशासनिक पूनर्संरचनाको सन्दर्भमा प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुबाट आफ्ना गुनासा र समस्याहरुलाई पोखिएको थियो भने कर्मचारी व्यवस्थापनका सम्बन्धमा र भावी कार्यदिशाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूबाटै प्रष्ट पारिएको हुँदा कर्मचारी वर्गका लागि यो अन्तरक्रिया धेरै फलादयी भएको सहभागीहरुबाट प्रतिकृया प्राप्त भएको पाइयो । अन्त्यमा, समय समयमा प्रशासक र राजनीतिकर्मीहरुलाई उपयोगी हुने यस्तै खालका कार्यक्रमहरु संचालन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पनि सुझाव प्राप्त भएको थियो ।

## २. योजना तथा अनुगमन शाखा

१. चालु आ.व. को कार्यक्रम संशोधन, रकमान्तर आदि कार्य तथा आ.व. २०७४/०७५ को वजेट निर्माण सम्वन्धमा सवै कार्यालय/समिति/प्रतिष्ठानलाई LMBIS मा वजेट प्रविष्टि तालिम दिईएको ।

२. सवै कार्यक्रमको कार्यान्वयनमा सहजिकरण गर्न आवश्यकता, औचित्यता र सान्दर्भिकताको आधारमा कार्यक्रम संशोधन, रकमान्तर र श्रोतान्तर गरी कार्यान्वयनमा सहजता गरिएको ।

३. आ.व. २०७४/०७५ को वार्षिक वजेट वक्तव्य र नीति तथा कार्यक्रमको छुट्टाछुट्टै कार्यान्वयन कार्ययोजना तयार गरी सो को नियमित प्रगति पठाउने गरिएको ।

४. सवै कार्यक्रमको व.उ.शि.नं. अनुसार कार्यक्रम कार्यान्वयन कार्ययोजना वनाई सो वमोजिम कार्यान्वयनको समीक्षा गर्ने गरिएको ।

५. आ.व. २०७५/०७६ देखि २०७७/०७८ सम्मको यस मन्त्रालयको मध्यकालिन खर्च संरचना तयार गरी राष्ट्रिय योजना आयोगको सचिवालयमा पठाईएको ।

६. आ.व. २०७५/०७६ को लागि यस मन्त्रालय र अन्तर्गत सञ्चालित संघीय आयोजना, प्रदेश र स्थानीय तहवाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमको वजेट अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको समन्वयमा तर्जुमा गरी LMBIS प्रविष्टि गरिएको ।

७. आ.व. २०७५/०७६ को लागि वार्षिक विकास योजना (भाग १) को विवरण तयार गरी राष्ट्रिय योजना आयोगमा पठाईएको ।

८. यस मन्त्रालय अन्तर्गत आ.व. २०७५/०७६ देखि सञ्चालन हुने गरी प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम र तराई मधेश समृद्धि कार्यक्रमको प्रस्ताव पत्र/मापदण्ड/कार्यविधि तयार गरी कार्यक्रम कार्यान्वयन ढाँचा तयार गरिएको ।

९. स्थानीय तह सञ्चालनमा सहजताको लागि स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, स्थानीय तहमा उपभोक्ता समिति गठन र सञ्चालन निर्देशिका (नमूना) तथा स्थानीय तह क्षमता विकास (योजना तर्जुमा सम्वन्धी) Master Slide तयार गरी Website मा राखिएको ।

१०. मन्त्रालयको मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति (MDAC) को वैठक नियमित गरी समाधान गर्ने प्रयास गरिएको ।

## ३. संगठन विकास शाखा

### ३.१. नीतिगततर्फः

३.३.१ कर्मचारी समायोजन ऐन, २०७४ को आधारमा मिति २०७४।११।२८ मा नेपाल सरकार (मन्त्रिपरिषद) बाट

कर्मचारी समायोजन नियमावली, २०७४ स्वीकृत भएको छ ।

३.३.२ संघीय निजामती सेवा ऐनको मस्यौदा तयार गरी अर्थ मन्त्रालय र कानून तथा संसदीय मामिला मन्त्रालयमा सहमतीका लागि पठाईएको छ ।

**३.२. संगठन तथा व्यवस्थापन सर्भेक्षणतर्फः**

३.२.१ साविकको ३१ वटा मन्त्रालयको सट्टा कायम भएका २१ वटा मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न भएको छ।

३.२.२ साविकमा रहेका ६३ वटा विभाग र विभागस्तरका निकायहरुबाट ५३ वटा विभाग र विभागस्तरका निकायहरुको संगठन तथा व्यवस्थापन सर्भेको सट्टा कायम हुन गएका क्षण सम्पन्न भएको छ।

३.२.३ यसैगरी प्रधानमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय र स्वास्थ्य तथा जनसङ्ख्या, उद्योग, वाणिज्य तथा आपूर्ति, शिक्षा, विज्ञान तथा प्रविधि, कृषि, भूमि व्यवस्था तथा सहकारी, गृह, संचार तथा सूचना प्रविधि, भौतिक पूर्वाधार तथा यातायात, वन तथा वातावरण र सहरी विकास मन्त्रालय गरी १० वटा मन्त्रालयको संघ अन्तर्गत रहने कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न भएको छ।

३.२.४ स्थानीय तहका लागि अन्तरिम संगठन संरचना तथा दरबन्दी सहितको संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत भएको छ । यसैगरी जिल्ला शिक्षा कार्यालयहरु खारेज भएपछि जिल्लामा शिक्षाका कार्यहरु सम्पादन गर्नका लागि जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहने गरी हाललाई शिक्षा विकास तथा समन्वय इकाइको अन्तरिम संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत भएको छ ।

३.२.५ प्रदेश मुख्य मन्त्री तथा मं.प. को कार्यालय लगायत ७ वटा मन्त्रालय, प्रदेश प्रमुखको कार्यालय, प्रदेश सभा

सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्यसम्पन्न भएको छ ।

३.२.६ महान्याधिवक्ताको कार्यालय अन्तर्गत रहने उच्च सरकारी वकिल कार्यालय ओखलढुंगा र पर्सा विरगंजको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न भएको छ ।

३.२.७ प्रदेशको भौतिक पूर्वाधार मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका कार्यालहरुको प्रारम्भिक संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्य सम्पन्न भएको छ ।

३.२.८ प्रदेशको भौतिक पूर्वाधार मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका कार्यालयहरुको प्रारम्भिक संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्य सम्पन्न भएको छ ।

३.२.९ प्रदेशस्तरको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत रहने निकायहरुको प्रारम्भिक संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न भएको छ ।

## ४. श्रोत परिचालन समन्वय शाखा

४.१. सबै स्थानीय तहमा २०७५ श्रावण १ गते देखि एकीकृत सम्पत्ति कर कार्यान्वयनमा ल्याउन आवश्यक सहजीकरणका लागि प्रशिक्षण सामाग्री तयार गरी विराटनगर, चितवन र नेपालगञ्जमा गरी जम्मा १०९ जना व्यक्तिहरुलाई "प्रशिक्षक प्रशिक्षण तालिम" प्रदान गरेको छ ।

४.२. एकीकृत सम्पत्ति कर कार्यान्वयनका लागि आवश्यक पर्ने एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधिको नमूना तयार गरी स्थानीय तहलाई उपलव्ध गराएको ।

४.३. सिन्धुली र काभ्रे जिल्लाका सबै स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्य प्रारम्भ भएको ।

४.४. स्थानीय तहको आन्तरिक श्रोत साधनको पहिचान तथा परिचालन सम्बन्धमा विभिन्न स्थानीय तहमा सहजीकरण तथा समन्वय गरिएको ।

## ५. सामाजिक समावेशीकरण शाखा

५.१ स्थानीय तहका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुका लागि सामाजिक समावेशीकरण तथा वहु सरोकारका विषयको अनुशिक्षण सहयोगी पुस्तिका, २०७५ र सो को तालिम सामाग्री समेत स्वीकृत गरी सरोकारवालाहरुको जानकारीको लागि मन्त्रालयको वेवसाइटमा राखिएको ।

५.२ UN Woman संग समन्वय गरी काठमाडौं, ललितपुर, भक्तपुर, बुढानिलकण्ठ, सुर्य विनायक, र चागुँनारायण नगरपालिका तथा वागमती र महाँकाल गाउँपालिकामा Pilot Training संचालन गरिएको ।

५.३ International Committee on Elimination of All Forms of Racial Discremination (ICERD) सवै प्रकारको भेदभाव उन्मुलन सम्वन्धी अन्तरराष्ट्रिय महासन्धीको ९५ औं अधिवेशन (23 April-11 May 2018 जेनेभा) मा नेपालको १७ औ देखि २३ औं सम्मको संयुक्त प्रतिवेदन माथि उठेको List of Theme वारेमा प्रतिवेदन तयार गरी परराष्ट्र मन्त्रालय मार्फत अधिवेशनमा सहभागी हुने प्रतिनिधि मण्डललाई पठाइएको ।

## ६. सङ्घीय मामिला शाखा

### ६.१. सङ्घीय कानून तर्जुमा

| क्र.सं. | सङ्घीय कानूनको नाम | कैफियत |
|---|---|---|
| १ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | जारी |
| २ | राष्ट्रिय दलित आयोग ऐन, २०७४ | जारी |
| ३ | राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ | जारी |
| ४ | आदिवासी जनजाति आयोग ऐन, २०७४ | जारी |
| ५ | मधेशी आयोग ऐन, २०७४ | जारी |
| ६ | थारु आयोग ऐन, २०७४ | जारी |
| ७ | मुस्लिम आयोग ऐन, २०७४ | जारी |
| ८ | जातीय भेदभाव तथा छुवाछुत (कसुर र | जारी |

| क्र.सं. | सङ्घीय कानूनको नाम | कैफियत |
|---|---|---|
| | सजाय) नियमावली, २०७४ | |
| ९ | स्थानीय सरकार सञ्चालन नियमावली | मसौदा तर्जुमा भैरहेको |
| १० | केही नेपाल कानून संशोधन ऐन, २०७४ | कानून मन्त्रालयबाट तयार भएको मसौदा उपर संशोधन प्रस्ताव तयार |
| ११ | स्थानीय सेवाको गठन तथा सञ्चालन सम्वन्धी विधेयक | मसौदा तर्जुमा गरी अधिकार सम्पन्न सं.प्र.पु.स. मा पठाएको |

**६.२. स्थानीय नमूना कानून तर्जुमा**

| क्र.सं. | कानूनको नाम |
|---|---|
| १ | कार्यसम्पादन नियमावलीः<br>१.१ गाउँपालिकाको कार्यसम्पादन नियमावली<br>१.२ नगरपालिकाको कार्यसम्पादन नियमावली |
| २ | २.१ कार्यविभाजन नियमावलीः<br>२.१.१ गाउँपालिकाको कार्यविभाजन नियमावली<br>२.१.२ नगरपालिकाको कार्यविभाजन नियमावली<br>२.१.३ उपमहानगरपालिकाको कार्यविभाजन नियमावली<br>२.१.४ महानगरपालिकाको कार्यविभाजन नियमावली |
| ३ | ३.१ निर्णय वा आदेश प्रमाणीकरण कानूनः<br>३.१.१ गाउँ कार्यपालिकाको निर्णय वा आदेश प्रमाणीकरण (कार्यविधि) नियमावली<br>३.१.२ नगर कार्यपालिकाको निर्णय वा आदेश प्रमाणीकरण (कार्यविधि) नियमावली |
| ४ | ४.१ नमूना आचार संहिताः<br>४.१.१ स्थानीय तहका निर्वाचित पदाधिकारीहरुको आचार संहिता<br>४.१.२ स्थानीय तहका कर्मचारीहरुको आचार संहिता |
| ५ | स्थानीय तहको आर्थिक ऐन, २०७४ |
| ६ | स्थानीय तहको विनियोजन ऐन, २०७४ |

| क्र.सं. | कानूनको नाम |
|---|---|
| ७ | गाउँपालिका/नगरपालिकाको एफ.एम. सञ्चालन कार्यविधि, २०७४ |
| ८ | गाउँपालिका तथा नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४ |
| ९ | गाउँ/नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ |
| १० | गाउँपालिका तथा नगरपालिकाबाट गरिने सिफारिश र प्रमाणित सम्वन्धी मार्गदर्शन |
| ११ | स्थानीय तहको शिक्षा नियमावली, २०७४ |
| १२ | सहकारी संस्था (दर्ता र सञ्चालन) सम्वन्धी ऐन, २०७४ |
| १३ | गाउँ/नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ |
| १४ | गाउँ/नगर/जिल्ला सभाको बैठक सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७४ |
| १५ | गाउँ/नगर/कार्यपालिकाको बैठक सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७४ |
| १६ | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) |
| १७ | स्थानीय तहको कर तथा गैह्रकर राजश्व सम्वन्धी कानून |
| १८ | गाउँ/नगरपालिकाको आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थित गर्ने) कानून |
| १९ | स्थानीय तहको सुशासन तथा सदाचार प्रवर्द्धन रणनीति, २०७४ |
| २० | स्थानीय तहको पार्श्वचित्र (Profile)को खाका तर्जुमा |
| २१ | गाउँपालिका, नगरपालिका तथा वडा कार्यालय भवनको नक्शाको (नमूना) |
| २२ | जेष्ठ नागरिक परिचय पत्र व्यवस्थापन निर्देशिका, २०७४ |
| २३ | गाउँ/नगरपालिका न्यायिक समिति (कार्यविधि सम्वन्धि) ऐन, २०७४ |
| २४ | गाउँ/नगरपालिकाको उपभोक्ता समित गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ |
| २५ | गाउँ/नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ |
| २६ | स्थानीय तहमा जनशक्ति व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७४ |

| क्र.सं. | कानूनको नाम |
|---|---|
| २७ | गाउँ/नगरपालिकाको राजपत्र प्रकाशन हुने कार्यविधि, २०७४ |
| २८ | 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धी कार्यविधि, २०७४ |
| २९ | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |
| ३० | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ |
| ३१ | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ |

### ६.३. प्रकाशनहरू

| क्र.सं. | प्रकाशन | कैफियत |
|---|---|---|
| १ | गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका | प्रकाशन भई वितरण |
| २ | स्थानीय शासन श्रोत पुस्तिका | प्रकाशन भई वितरण |
| ३ | स्थानीय पूर्वाधार विकास सम्वन्धी हाते पुस्तिका | प्रकाशन भई वितरण |
| ४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | निःशुल्क वितरणका लागि प्रकाशन गरी वितरण |
| ५ | स्थानीय तहका लागि मन्त्रालयबाट उपलब्ध गराइएका नमूना कानूनहरुको सङ्गालो | प्रकाशन भई वितरण |
| ६ | गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण आयोगको प्रतिवेदन | प्रकाशनको अन्तिम चरणमा रहेको |

## ७. सूचना प्रविधि शाखा

### ७.१ सूचना तर्फः

क) मन्त्रालयको इन्टरनेट, कम्प्यूटर हार्डवेयर आदि मर्मत सम्भारका लागि सेवा प्रदायकसंग संझौता भई सेवा प्राप्त भैरहेको ।

ख) नियमित रुपमा मन्त्रालयको स्वतः प्रकाशन तयार गरी राष्ट्रिय सूचना आयोगमा पठाईएको ।

ग) मन्त्रालयको वेवसाईट नियमित रुपमा अद्यावधिक गरिएको ।

घ) मन्त्रालयको लागि नयाँ Domain Name रजिष्टर्ड भई नयाँ वेभसाईट निर्माणको कार्य भैरहेको ।

ङ) विभिन्न सूचना मागकर्ताहरुलाई नियमानुसार सूचना उपलव्ध गराईएको ।

### ७.२ सुशासन तर्फः

क) २०७४ श्रावण देखि २०७५ वैखाख सम्म उजुरी/गुनासो फछ्र्यौटको विवरण

| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | | राष्ट्रिय सतर्कता केन्द्र | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | अन्य उजुरी | | हेलो सरकार | |
|---|---|---|---|---|---|---|---|---|---|
| उजुरी | फछ्र्यौट | उजुरी | फछ्र्यौट | उजुरी | फछ्र्यौट | उजुरी | फछ्र्यौट | उजुरी | फछ्र्यौट |
| २०२ | १६३ | ३९ | ३४ | ५३ | ५३ | १०१ | ८३ | ५९६ | ५९६ |

ख) आ.व. २०७४/०७५ को शुरुमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट प्राप्त निर्णय कार्यान्वयन मिसिलको संख्या १४५ रहेकोमा हाल सम्म ८ वटा लगत कट्टा भई २ वटा लगत कट्टाको लागि आयोगमा पठाईएको ।

ग) भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका विषयक स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको लागि ७ वटै प्रदेशमा संचालन गर्ने गरि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संयुक्त आयोजनामा गोष्ठि सञ्चालन भएको, भईरहेको । सो कार्यक्रम २०७४ चैत्र २२ मा प्रदेश नं १ वाट शुरु भई २०७५ वैशाख मसान्त सम्म प्रदेश नं ५ सम्मको कार्यक्रम सम्पन्न भईसकेको ।

## ८. वातारण तथा विपद शाखा

- गाउँपालिका, नगरपालिकामा विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ तर्जुमा गरिएको छ ।
- स्थानीय तहमा विपद् व्यवस्थापन कोष परिचालन व्यवस्थापन कार्यविधि तर्जुमाको क्रममा रहेको छ ।

- प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनहरु लगभग २० वटा र वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन १ वटा स्वीकृत भयो ।
- ढुङ्गा गिटी उत्खनन सम्बन्धी कार्यविधि मस्यौदा अन्तिम चरणमा रहेको छ ।
- स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका २०७५ तर्जुमा भएको छ।

## ९. कर्मचारी कल्याण शाखा

- निजामती सेवा नियमावली, २०५० को नियम ९५ बमोजिम २०७४ माघदेखि २०७५ बैशाखसम्म १२ जनालाई थप आर्थिक सहायता प्रदान गरिएको ।

## १०. स्थानीय तह क्षमता विकास शाखा

२०७४ श्रावण देखि २०७५ बैशाख मसान्त सम्म सम्पादन भएका कार्यक्रमहरुको विवरण

| सि. नं. | सम्पादित कार्य | कैफियत |
|---|---|---|
| १ | स्थानीय तहका नवनिर्वाचित प्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यकता तथा औचित्यका आधारमा विभिन्न विषय क्षेत्रका क्षमता विकास सम्बन्धी अभिमुखीकरण, प्रशिक्षक प्रशिक्षण तथा अन्य विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने प्रयोजनको लागि दक्ष विज्ञहरुको सूची (Roster) तयार पार्ने कार्य शुरु गरिएको । | |
| २ | प्रदेश नं. २ का ८ वटा जिल्ला महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका प्रमुख एवं उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष एवं उपाध्यक्षहरु र प्रमुख प्रशासकीय अधिकृतहरुलाइ "स्थानीय सरकार सञ्चालन तथा बजेट तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको | मिति २०७४ कार्तिक २४ देखि मंसिर ३ गते सम्म विभिन्न मितिमा सम्बन्धित जिल्लाका सदरमुकाममा सम्पन्न |

| सि. नं. | सम्पादित कार्य | कैफियत |
|---|---|---|
| ३ | प्रदेश नं. १ का १३ जिल्ला (संखुवासभा जिल्ला बाहेक) का महानगरपालिका/ उपमहानगरपालिका /नगरपालिकाका प्रमुख एवं उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष एवं उपाध्यक्षज्यूहरु र प्रमुख प्रशासकीय अधिकृतहरुलाई "स्थानीय सरकार सञ्चालन तथा बजेट तर्जुमा" सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको । | मिति २०७४ पौष ४ देखि विभिन्न मितिमा सम्बन्धित जिल्लाका सदरमुकाममा |
| ४ | प्रदेश नं. ५ र ७ का महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिकाका प्रमुख एवं उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष एवं उपाध्यक्षज्यूहरु र प्रमुख प्रशासकीय अधिकृतहरुलाई "स्थानीय सरकार सञ्चालन तथा बजेट तर्जुमा" सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | मिति २०७४ पौष १९ देखि २१ सम्म (कैलाली), मिति २०७४ पौष २० देखी २२ सम्म (कञ्चनपुर), मिति, २०७४ पौष २३ देखि २५ सम्म (रुपन्देही) र २०७४ पौष २४ देखि २६ सम्म बाँकेमा सम्पन्न |
| ५ | स्थानीय तहले आफ्नो काम, कर्तव्य र अधिकार बमोजिमका कार्यहरु व्यवस्थित र प्रभावकारी रुपमा गर्न गराउन स्थानीय तहका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको लागि आवश्यक पर्ने अभिमुखीकरण/तालीम कार्यक्रम सञ्चालन गर्न स्तरीय अभिमुखीकरण सामाग्री (Content, Curriculum, PowerPoint Slide) तयार पार्ने कार्यको लागि मन्त्रालयका सहसचिवज्यूहरुको नेतृत्वमा विभिन्न कार्यदल गठन भएको । | |

| सि. नं. | सम्पादित कार्य | कैफियत |
|---|---|---|
| ६ | संखुवासभा जिल्लाका नगरपालिकाका प्रमुख एवं उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष एवं उपाध्यक्षज्यूहरु र प्रमुख प्रशासकीय अधिकृतहरुलाई "स्थानीय सरकार सञ्चालन तथा बजेट तर्जुमा" सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको । | २०७४ फाल्गुण १८, १९ र २० गते सम्म (खाँदवारी, संखुवासभा) |
| ७ | न्यायिक समितिको कार्य सम्पादन सम्बन्धी मुख्य प्रशिक्षक प्रशिक्षण (Master's Training of Trainers), गाउँपालिका तथा नगरपालिकाको वडा तहसम्मको लागि क्षमता विकास /तालीम गर्ने प्रयोजनको लागि मुख्य प्रशिक्षक प्रशिक्षण, कार्यक्रम संचालन भएको । | २०७४ चैत्र ८ देखि ११ गते सम्म होटल भ्यू भृकुटी, गोदावरी, ललितपुर |

## ११. स्थानीय तह समन्वय शाखा

**बहुक्षेत्रीय पोषण योजनाको एक झलक**

### ११.१ परिचयः

राष्ट्रिय र स्थानीयस्तरमा नीति, योजना र बहुक्षेत्रीय समन्वयमा सुधार ल्याउन, 'पोषण-लक्षित' तथा 'पोषणप्रति संवेदनशील' सेवाहरूको उच्चतम प्रयोग गर्ने व्यवहारमा सुधार भई अन्ततः मातृशिशु पोषणको स्थितिमा सुधार ल्याउन र आधारभूत सेवालाई समावेशी र समतामूलक रुपमा प्रवाह गर्नका लागि केन्द्रीय तथा स्थानीय सरकारहरूको पोषणसम्बन्धी क्षमता सुदृढ गर्न बहुक्षेत्रीय पोषण योजना (२०६९-२०७३) ल्याईएको हो । राज्यको संघीय पूर्नसरचना अनुसार पोषणको सवालमा स्थानीय तहलाई जिम्मेवार बनाउने गरी बहुक्षेत्रीय पोषण योजना दोश्रो (२०१८-२०२२) समेत कार्यान्वयनमा आएको छ ।

उक्त योजना कार्यान्वयनका लागि आ.व. २०७१/७२ देखी पर्सा, कपिलवस्तु, नवलपरासी, जुम्ला, अछाम र बाजुरा (६ जिल्ला) मा नमुनाको रुपमा बहुक्षेत्रीय पोषण कार्यक्रम साविकको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत शुरुवात भएको हो । नमुना कार्यान्वयनको लागि छनौट भएको ६ जिल्लामा स्वास्थ्य, कृषि, पशुविकास, महिला बालबालिका, खानेपानी सरसफाई,

शिक्षा, तथा स्थानीय शासन जस्ता विषयगत कार्यालयहरुको सहभागिता र युनिसेफको प्राविधिक सहयोग सञ्चालनमा आएको हो ।

११.२ **दीर्घकालिन सोच** : यो योजनाको दीर्घकालिन सोच आगामी दश वर्षभित्रमा महिला, बालबालिका तथा किशोरीमा हुने कुपोषण हटाई मानवपूँजीको विकास गर्नु रहेको छ ।

११.३ **लक्ष्य** : यो योजनाले पोषण विशेष, पोषण संवेदनशील र समर्थ बनाउने वातावरणसम्बन्धी कार्यक्रमहरूको विस्तार गरी महिला, किशोरी तथा बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउने लक्ष्य लिएको छ ।

**उदेश्यः**

(क) सेवा प्रदायक संस्थाको विस्तार गरी सबैमा पोषण विशेष सेवाहरूको पहूँच बढाई सेवाहरूको उपभोगमा बृद्धि गराउनु ।

(ख) पोषण संवेदनशील सेवाहरूको पहूँच र उपभोग बढाई स्वस्थ बानी-व्यवहारमा सुधार ल्याउनु ।

(ग) पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरू एकीकृत रूपमा कार्यान्वयन गरी महिला, बालबालिका तथा किशोरीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउनु ।

**११.४ भौगोलिक क्षेत्र**

आ.व. २०७३/७४ देखी नेपाल सरकार, युरोपियन युनियन र युनिसेफको साझेदारीमा जिल्ला स्थित विषयगत कार्यालयहरु मार्फत जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले तोकेको साविक गा.वि.स. र न.पा.हरुमा कार्यान्वयनमा रहेकोमा आ.व. २०७४/७५ सम्ममा बहुक्षेत्रीय पोषण योजनाले पहिचान गरेको २८ जिल्ला (हाल ३० जिल्ला) का ३०८ स्थानीय तहमा यो कार्यक्रम कार्यान्यवन आएको छ ।

| आ.व. २०७१/७२ | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | कैफियत |
|---|---|---|---|---|
| **६ जिल्ला** पर्सा, कपिलवस्तु, नवलपरासी, जुम्ला, अछाम र बाजुरा | **१६ जिल्ला : ६ + १०** पाँचथर, खोटाङ्ग, धनुषा, महोत्तरी, बझाङ्ग, कालिकोट, रौतहट, बैतडी, डडेलधुरा र सप्तरी | **२८ जिल्ला : १६ + १२** बर्दिया, बारा, सर्लाही, उदयपुर, दैलेख, जाजरकोट, उदयपुर, रूकुम, रोल्पा, डोटी, डोल्पा, मुगु र हुम्ला | ३० जिल्ला : ३०८ वटा स्थानीय तह (१ महानगर, ३ उपमहानगर, १३१ नगरपालिका र १७७ गाउँपालिका) | संघीय संरचनामा नवलपरासी र रुकुम २/२ बनेको कारणले ३० जिल्ला भएको । |

**गत आ.व.मा बजेट विनियोजन र खर्चको अवस्था :**

| आ.व. २०७१/७२ | | आ.व. २०७२/७३ | | आ.व. २०७३/७४ | | आ.व. २०७४/७५ | |
|---|---|---|---|---|---|---|---|
| विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| ६ करोड (नेपाल सरकार) | ५ करोड ३२ लाख (८९%) | १० करोड (नेपाल सरकार) | ८ करोड ३२ लाख (८७%) | २७ करोड ३३ लाख (युनिसेफ र नेपाल सरकार) | २३ करोड २७ लाख (युनिसेफ र नेपाल सरकार) (८५%) | ४६ करोड ९९ लाख (३१ करोड युनिसेफ र नेपाल सरकार) | |

माथिको तथ्यांकमा स्वास्थ्य क्षेत्र बाहेक कृषि, पशुपंक्षी, शिक्षा, महिला तथा बालबालिका र खानेपानी तथा सरसफाई क्षेत्रको बजेट उल्लेख भएको छ ।

**११.५ चालु आ.व. मा भएको क्रियाकलापहरुको विवरण :**

- चालु आ.व.मा उपरोक्त जिल्ला (हाल ३० जिल्लाका १ महानगर ( विरगंज), ३ उपमहानगर (जनकपुर, कलैया, जितपुर सिमरा), १२८ नगरपालिका र १७७ गाँउपालिकामा यो योजना कार्यान्वयन हुने र संघले सोही अनुसार सशर्त अनुदानको रुपमा बजेट व्यवस्थापन ( न्युनतम ११ लाख र अधिकतम १६ लाख ७३ हजार) जसमध्ये नेपाल सरकार ३० प्रतिशत र युनिसेफ ७० प्रतिशत ।
- ३०८ स्थानीय सरकार (गाँउपालिका र नगरपालिका) का नवनिर्वाचित पदाधिकारीहरु र विषयगत शाखाका कर्मचारीहरुलाई संघीय संरचनामा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन सम्बन्धी अभिमुखीकरण सम्पन्न भएकोमा १०,१५९ जना (८,१७४ (८०%) पुरुष र १,९८५ महिला (२०%)) सहभागिता रहेको ।
- ३०८ वटा स्थानीय तहमा कार्यरत कर्मचारीहरुमध्येबाट बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनका लागि सम्पर्क व्यक्ति तोकिएको ।
- चालु आ.व.का लागि बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गर्न विनियोजन भएको करिब ४७ करोड मध्ये स्थानीय तहलाई करिब ४० करोड, जिससलाई १ करोड, ५ प्रदेशलाई २ करोड, रायोआ/पोषण तथा खाद्य सुरक्षा सचिवालयको लाई २८ लाख र बाँकि केन्द्रलाई विनियोजन गरिएको छ । स्थानीय तहमा गरिएको अभिमुखीकरण पश्चात स्थानीयतहबाट करिब १६ करोड बजेट बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको लागि विनियोजन गरेको ।
- ३०८ स्थानीय सरकार (गाँउपालिका र नगरपालिका) का नवनिर्वाचित पदाधिकारीहरुलाई बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन सम्बन्धी अभिमुखीकरण पश्चात सबै स्थानीय सरकारले पोषणमैत्री स्थानीय तह बनाउन प्रतिबद्धता व्यक्त गरेका ।

- बहुक्षेत्रीय पोषण योजनाको दोस्रो चरणले गाँउ तथा नगर कार्यपालिका भित्रका पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरुको संयोजन गर्न सामाजिक विकास क्षेत्र हेर्ने कार्यपालिका सदस्य वा महिला सदस्यलाई संयोजक तोक्नुपर्ने व्यवस्था गरेकोले सोही अनुसार सहजीकरण भएको ।
- जिल्ला समन्वय समितिका पदाधिकारीहरुलाई बहुक्षेत्रीय पोषण योजना र समितिको भुमिकाबारेमा अभिमुखीकरण भएको ।
- ३०८ वटा स्थानीय तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन भएको र २ हजार ६ सय ९४ वटा वडामा समेत क्रमशः पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गर्दै जाने ।
- चालु आ.व.का लागि स्थानीयतहको बहुक्षेत्रीय पोषण योजनाको एकिकृत कार्ययोजना (कृषि, पशुपंक्षी विकास, खानेपानी तथा सरसफाई, शिक्षा, महिला बालिबालिका, स्वास्थ्य र स्थानीय सुशासन क्षेत्रको संलग्न मुख्य क्रियाकलापहरु सहितको) तयार भई स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र सभाबाट समेत पारित भई कार्यान्वयनको चरण रहेको ।
- बहुक्षेत्रीय पोषण योजनाको बार्षिक योजना www.wbrs.gov.np/msnp प्रविष्ट गरिएको र प्रतिवेदन सोही मार्फत लिईएको ।

**११.६ आगामी कार्यक्रमः**

- स्थानीय तहको क्षमता अभिबृद्धि, योजनाको मुलप्रबाहीकरण योजना तर्जुमा, बजेट, कार्यक्रममा समाबेश, स्थानीयतहमा भएका विषयगत क्षेत्रसँग प्रभावकारी समन्वय, श्रोत परिचालन, एकिकृत योजना तर्जुमाका लागि पैरवीका कार्यक्रमहरु सञ्चालन भईरहेका छ ।
- स्थानीय तहबाट व्यक्त भएको पोषणमैत्री स्थानीय तह जस्ता प्रतिबद्धतालाई संस्थागत गर्न स्थानीय तहको नीति तथा कार्यक्रममा समावेश गर्न पहल भएको छ ।

# संगठन संरचना

## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन संरचना



## विविध कार्यक्रमका केही झलकहरुः

बुटवलमा सम्पन्न प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम

मा. मन्त्रीज्यूबाट मोरङ्गको बुढीगंगामा असहाय वालवालिकालाई सामाग्री वितरण गरिंदै

संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको प्रतिवेदन मा. मन्त्रीज्यूसमक्ष पेश गर्दै संगठन तथा व्यवस्थापन समितिका संयोजक तथा संघीय मामिला तथा सामान्य प्रशासन सचिवज्यू ।

संगठन तथा व्यवस्थापन समितिका पदाधिकारीहरू ।

नेपालगञ्जमा आयोजित अन्तरक्रिया कार्यक्रमका तस्वीरहरू ।



## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भै फैलिएका मेची महाकाली
प्रकृतिका कोटिकोटि सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल